स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३


# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**

**पुल्चोक, ललितपुर**



**३२ औं केन्द्रीय कार्यकारिणी समिति**

**अध्यक्ष**
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य

**उपाध्यक्ष**
ई. आशिष घिमिरे

**महासचिव**
ई. छवि राज पोखेल

**उपमहासचिव**
ई. कपिल आचार्य

**कोषाध्यक्ष**
ई. राम एकवाल यादव

**सह-कोषाध्यक्ष**
आ. चाँदमाला श्रेष्ठ

**सदस्यहरु**
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)


२०७५ माघ २५

सम्माननीय के.पि. शर्मा ओलीज्यू,
प्रधानमन्त्री
नेपाल सरकार ।

## ज्ञापन पत्र

**सम्माननीयज्यू,**

नेपालको संविधान २०७२ लागू भएपश्चात संघीय शासन प्रणाली अन्तरगत संविधानमा भएको व्यवस्था बमोजिम ३ तहको संरचना मार्फत जनता समक्ष पुग्ने लोकतान्त्रिक पद्दतीको उन्नत अभ्यास मार्फत समाजवाद उन्मुख राज्यको विकास गर्ने वातावरण बनिरहेको सन्दर्भमा मौजुदा निजामती कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय गरी ३ वटै तहमा समायोजन तथा व्यवस्थापनका लागि सरकारले संसदमा प्रस्तुत गरेको संघीय निजामती सेवा ऐन २०७५ मा भएको प्रावधान लगायत कर्मचारी समायोजन सम्बन्धी देहायका बुँदाहरुमा सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउँदै यो ज्ञापन पत्र पेश गरेका छौं ।

१. प्रशासन लगायत अन्य समूहमा जस्तै हाल व्यवस्था भएको नेपाल ईन्जिनियरिङ्ग सेवाका सबै समूह, उपसमूह अन्तरगत राजपत्रांकित द्धितिय र तृतीय श्रेणीका ईन्जिनियरहरुलाई संघमा पूल दरबन्दी कायम गरी प्रदेश तथा स्थानीय तहमा काजमा गर्न खटाउने प्रावधान राखियोस् ।

जसले गर्दा,

(क) कर्मचारी समायोजन अध्यादेश २०७५ को दफा ७ (९) को व्यवस्था अनुसार आवश्यकता र औचित्यता हेरी सेवा संचालन गर्ने निकायले समायोजन गर्दा बढी प्रभावकारी हुन्छ ।

(ख) डिग्री हासिल गरेका नयाँ प्रविधि, सीप युक्त जनशक्ति संघमा अभाव भई राष्ट्रिय गौरबका आयोजना लगायत महत्वपूर्ण संघीय कार्यक्रम कार्यान्वयनमा गम्भिर असर सिर्जना हुन सक्ने भएकोले बजेट कार्यान्वयनमा समेत वाधा पुगी मन्त्रालयको लक्षित प्रगति हासिल गर्न वाधा पुग्ने देखिन्छ ।



ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोनः ०१-५०१०२५१, ५०१०२५२
फ्याक्सः ०१-५०१०२५३, ईमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np

दर्ता नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३


# नेपाल ईन्जिनियर्स एशोसिएसन

केन्द्रिय कार्यालय
पुल्चोक, ललितपुर



३२ औं केन्द्रीय कार्यकारिणी समिति

**अध्यक्ष**
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
**उपाध्यक्ष**
ई. आशिष घिमिरे
**महासचिव**
ई. छवि राज पोखेल
**उपमहासचिव**
ई. कपिल आचार्य
**कोषाध्यक्ष**
ई. राम एकवाल यादव
**सह-कोषाध्यक्ष**
आ. चाँदमाला श्रेष्ठ
**सदस्यहरु**
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)


(ग) समायोजन ऐनको जेष्ठताले नै धेरै प्रभाव पार्ने देखिएकोले योग्यता र क्षमताका आधारमा सेवा संचालन गर्ने मन्त्रालयले उपयुक्त निर्णय गरी उपयुक्त स्थानमा उपयुक्त कर्मचारी खटाउन सहज हुनेछ ।

(घ) जलस्रोत तथा सिंचाइ सम्बन्धी उद्देश्य प्राप्त गर्न प्राविधिक जनशक्तिको क्षमता विकासमा सहयोग पुग्ने र उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना भई समायोजन सहज स्वीकार्य हुनेछ ।

(ङ) ईन्जिनियरिङ सेवा प्रविधि, ज्ञान, सीपको उच्चतम प्रयोग संस्थागत रुपमा गर्नुपर्ने भएकोले तत् तत् निकायको संस्थागत क्षमता क्रमशः बृद्धि गर्दै तत तत् निकायले स्वयं पदपूर्ति गर्ने गरी व्यवस्थापन गर्दा उचित हुन्छ ।

२. नेपाल सरकारद्वारा जारी गरिएको कर्मचारी समायोजन अध्यादेश -२ ले समायोजनको नाममा ईन्जिनियरिङ सेवाका कर्मचारीलाई मात्र प्रदेश तह र स्थानीय तहमा वाध्यकारी रुपमा समायेजन हुनुपर्ने गरी लागू गरिएको व्यवहार अन्यायपूर्ण छ ।

३.संसदमा पेस भएको संघीय निजामती सेवा ऐन-२०७५ मा सविच पदतर्फको पदपूर्तिमा गरिएको व्यवस्थामा, विगतमा भएको प्रावधानलाई लत्याई सम्बन्धित कलस्टरिंगबाट सचिव भए पश्चात अन्य सेवा संचालन गर्ने निकायमा सरुवा हुन सकिने गरी हुन लागेको व्यवस्थाप्रति नेपाल ईन्जिनियर्स एशोसिएसन ध्यानाकर्षण भएको छ । सो विभेदपूर्ण प्रावधानले इन्जिनियरिङ सेवाका कर्मचारीको मनोबल गिराउने, नेतृत्व तहमा पुग्नबाट रोक्ने, निजामती सेवा तर्फ आकर्षण घटाई बिदेश पलायन जस्ता कार्यहरु बढाउने अवस्था सिर्जना हुने हुनाले नेपाल ईन्जिनियर्स एशोसिएसन यो विभेदपूर्ण प्रावधान अबिलम्ब हटाउन सम्माननीयज्यूको ध्यानाकृष्ट गराउँदछ ।

४. विकास र समृद्धि हासिल गर्नका लागी पूर्वाधार विकास लगायत विभिन्न प्राविधिक क्षेत्रमा हाल मौजुदा दरवन्दीका प्राविधिक कर्मचारी पर्याप्त नभएर प्रभावकारी रुपमा सेवा प्रदान गर्न नसकिरहेको यथार्थलाई दृष्टिगत गरी प्रभावकारी सेवा प्रवाह गर्न तीनै तहका सरकारहरुले विकास र समृद्धिको लागि तोकिएको भूमिका निर्वाह गर्न जनशक्ति पर्याप्त हुने गरी संरचनात्मक व्यवस्था गरिनु पर्दछ ।

५. हाल तयार भएको स्थानीय तहको संरचानात्मक व्यवस्थामा वरिष्ठ प्राविधिक कर्मचारीले कनिष्ठ प्रशासनिक कर्मचारीको मातहतमा रही काम गर्नुपर्ने अवस्था सिर्जना भएको छ । जुन निजामती सेवा ऐन र नियमावलीको भावना र व्यवस्था प्रतिकूल छ । तसर्थ स्थानीय सरकारले गर्नुपर्ने मुख्य काम मध्ये दैनिक प्रशासनिक र प्राविधिक कामलाई प्रभावकारी



ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोनः ०१-५०१०२५१, ५०१०२५२
फ्याक्सः ०१-५०१०२५३, ईमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np

# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**

**पुल्चोक, ललितपुर**

**३२ औं केन्द्रीय कार्यकारिणी समिति**

**अध्यक्ष**
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य

**उपाध्यक्ष**
ई. आशिष घिमिरे

**महासचिव**
ई. छवि राज पोखेल

**उपमहासचिव**
ई. कपिल आचार्य

**कोषाध्यक्ष**
ई. राम एकवाल यादव

**सह-कोषाध्यक्ष**
आ. चाँदमाला श्रेष्ठ

**सदस्यहरु**
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

रुपमा संचालन गर्न छुट्टाछुट्टै इकाई स्थापना गर्नु पर्दछ । हाल स्थानीय तहमा गरिएको कर्मचारी समायोजन तथा व्यवस्थापनको परिणामले ७५३ वटा स्थानीय तहमा एक जना पनि प्राविधिक कर्मचारीलाई कार्यालय प्रमुख हुनबाट वञ्चित गरेको छ । यो प्रावधान तुरुन्त संच्याई समानताको आधारमा निजामती सेवाको पदसोपान अनुसार स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको सट्टा प्रमुख कार्यकारी अधिकृतको व्यवस्थापन गर्ने र त्यसो गर्दा जेष्ठता र वरिष्ठताको आधारमा पदस्थापन गरिनु पर्दछ ।

६. स्थानीय तहमा कर्मचारीको दरवन्दी व्यवस्थापन तथा समायोजन गर्दा प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुमध्ये प्रशासनिक कर्मचारीको संख्या बढी भएकोले पदोन्नतिका समयमा प्राविधिक कर्मचारीहरु अवसरबाट बञ्चित हुने अवस्था सिर्जना भएको छ । यसले सिर्जना गर्ने मनोवैज्ञानिक असरलाई समेत दृष्टिगत गरी दरबन्दी संरचना र सरुवा-बढुवा जस्ता कुराहरुमा यथोचित व्यवस्था मिलाएर मात्र कर्मचारी समायोजन गरिनु पर्दछ ।

७. स्थानीय तहका ईन्जिनियर/प्राविधिकहरुलाई मनोबल गिराउने गरी छैंठौ तहमा समायोजन गरिएको अवस्थालाई तत्काल खारेज गरी ४ वर्षे अध्ययन पश्चात स्नातक उपाधि हासिल ईन्जिनियरहरुलाई ७ औं तहमा शुरु नियुक्ती दिने/दरबन्दी कायम गर्ने व्यवस्था हुनुपर्दछ ।

**सम्माननीयज्यू,**
हामीलाई विश्वास छ, देशको विकास र जनताको सुख तथा समृद्धिलाई एकमात्र लक्ष्य मानेर कार्यरत रहनुभएको सम्माननीय प्रधानमन्त्रीज्यू बाट समस्त प्राविधिकहरुको अधिक सरोकार रहेका विषयहरुको समुचित संबोधन हुनेछ भन्ने पूर्ण विश्वास लिएका छौं ।

.............................
ई. छवि राज पोखेल
महासचिव

.............................
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
अध्यक्ष

**वोधार्थ:** माननीय लालबाबु पण्डितज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री
नेपाल सरकार ।



ठेगाना: इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन: ०१-५०१०२५१, ५०१०२५२
फ्याक्स: ०१-५०१०२५३, ईमेल: info@neanepal.org.np, URL: www.neanepal.org.np